# मुसिकोट राजपत्र

## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ६)  मुसिकोट,गुल्मी,असौज २५ गते,२०७९ साल(संख्याः६

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## नगर खेलकुद विकास समिति संचालन कार्यविधि,२०७६  प्रथम संसोधन २०७९

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिकाको नगरकार्यपालिकाले  बनाएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम  सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नगर खेलकुद विकास समिति सञ्चालन(प्रथम संसोधन) कार्यविधि,२०७९

**प्रस्तावनाः**

नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि,२०७६(यस पछि मूल कार्यविधि भनि नामाकरण गरिएको)लाई संसोधन गर्न वान्छनीय भएकोले मूल कार्यविधिको दफा ३१ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगरपालिकाको नगरकार्यापालिकाले देहाय वमोजिम संसोधन गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " नगर खेलकुद विकास समिति सञ्चालन (प्रथम संसोधन) कार्यविधि,२०७९" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि शैक्षिक संस्थाहरु, क्लवहरु, खेलकूदको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिकालाई जनाउँछ ।

(ख) "कार्यविधि" भन्नाले मुसिकोट नगरपालिका "नगर खेलकूद विकास समिति सञ्चालन(प्रथम संसोधन)कार्यविधि २०७०" सम्झनु पर्छ ।

(ग) "नगरकार्यपालिका" भन्नाले मुसिकोट नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "नगर खेलकूद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकूद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा "खेलकूद समिति" भनिनेछ ।

(ङ) "संयोजक" भन्नाले नगर खेलकूद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले नगर खेलकूद विकास समितिका सदस्य सम्झनु पर्छ ।

(छ) “सदस्य-सचिव” भन्नाले नगर खेलकूद विकास समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(ज) “प्रमुख” भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(झ) “मूल कार्यविधि” भन्नाले नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि,२०७६ लाई सम्झनु पर्दछ ।

(ञ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

**३.मूल कार्यविधिको दफा ३ मा संसोधनः** मूल कार्यविधिको दफा ३ को सट्टा देहाय बमोजिमको दफा राखिएको छः

३.नगर खेलकूद विकास समितिको गठनः

खेलकूदको विकास गर्नको लागि मुसिकोट नगरपालिकामा देहाय बमोजिमको १७ सदस्यीय “खेलकूद विकास समिति” को गठन हुनेछः–

(क) मुसिकोट नगरपालिकाको प्रमुखले तोकेको व्यक्ति - संयोजक

(ख) मुसिकोट नगरपालिकाको प्रमुखले तोकेको व्यक्ति - सह संयोजक

(ग) विभिन्न विधाका खेलकूदका विज्ञहरु मध्येबाट कार्यपालिकाबाट मनोनित ३ जना - सदस्य

(घ) नगर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट मुसिकोट नगरपालिका कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा २ जना -सदस्य

(ङ) नगर स्तरका खेलकूद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिश भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित ३ जना -सदस्य

(च) सामुदायिक र संस्थागत विद्यालयका खेल शिक्षक मध्ये नगर प्रमुखद्वारा मनोनित ३ जना -सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत/कर्मचारी १ जना - सदस्य

(ज) नगर खेलकुद विकास समितिको बैठकबाट आवश्यकता अनुरुप मनोनय गर्ने २ जना- सदस्य

(झ) सामाजिक बिकास समितिका सदस्य सचिव या शिक्षा,युवा तथा खेलकुद शाखाका प्रमुख/प्रतिनिधि - सदस्य सचिव

**४.मूल कार्यविधिको दफा ८ को उपदफा १ मा संसोधनः** मूल कार्यविधिको दफा ८ को उपदफा १ को सट्टा देहाय बमोजिमको उप दफा राखिएको छः

(१) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ । मनोनित सदस्यहरुको पदावधि समाप्त भई समितिको पुनःगठन/मनोनयन नभईसकेको अवस्थामा बढीमा ६ महिनासम्मको लागि सोहि भूमिकामा रहि कार्य गर्न जिम्मेवारी दिन सकिनेछ ।

प्रमाणिकरण मिति
२०७९|६|२०

आज्ञाले,
विनोद कुँवर
प्रमुख प्रशासकीय अधिकृत

मुसिकोट राजपत्र